प्रमुख समाचार।

- प्रधानमन्त्री श्री  नरेन्द्र मोदी सऊदी अरबको दुई दिवसीय आधिकारिक यात्रामा हुनुहुन्छ
- संविधानको विषय-वस्तु निर्धारित गर्नमा निर्वाचित प्रतिनिधी नै सुप्रीम रहेको उपराष्ट्रपतिको भनाई
- श्री पोप फ्रान्सिसको अन्तिम संस्कार **सेन्ट पिटर्स स्कवायर** -मा शनिवार गरिने
- संघ लोक सेवा आयोग, सिविल सेवा परीक्षा  दुई हजार चौबीसको अन्तिम परिणाम घोषित , अनि
- आई.पी.एल टी20 क्रिकेटमा लखनऊ **सुपर जायन्ट्सको** मुकाबला **डेल्ही  केपिटल्स** संग हुँदैछ।
- अब समाचार विस्तारमा।

**30  नया संशो. पीएम-जेद्दा यात्रा**

प्रधानमन्त्री श्री  नरेन्द्र मोदी सऊदी अरबको दुई दिवसीय आधिकारिक यात्रामा हुनुहुन्छ।  **क्राउन प्रिन्स** र प्रधानमन्त्री  **श्री मोहम्मद बिन सलमानको** निमन्त्रणमा श्री मोदीको यो तेस्रो यात्रा हो र यसले दुई देश  बीच गहिरो रणनीतिक साझेदारीलाई दर्शाउँछ। सऊदी हवाई क्षेत्रमा प्रवेश गर्न, प्रधानमन्त्री श्री  नरेन्द्र मोदीको विमानलाई रोयल सऊदी वायु सेनाका **ए.फ-15 लड़ाकू** विमान द्वारा सुरक्षा प्रदान गरियो। प्रधानमन्त्रीले आफ्नो प्रस्थान वक्तव्यमा भन्नुभयो, भारतले सऊदी अरबका साथ आफ्नो दीर्घकालिक र ऐतिहासिक सम्बन्धलाई धेरै महत्व दिन्छ। श्री मोदीले क्षेत्रीय शान्ति, समृद्धि र सुरक्षालाई बढ़ावा दिनमा दुबै देशको साझा हितमा जोड दिनुभयो। उहाँले सऊदी अरबमा जीवन्त भारतीय समुदायसंग जोड़िने  उत्सुकता व्यक्त गर्दै, प्रवासी समुदायलाई एउटा जीवन्त सेतु भन्नुभयो , जसले  दुबै देश बीच सांस्कृतिक र मानवीय सम्बन्धलाई  बलियो बनाइरहन्छ।

**संशो. उपराष्ट्रपति – संविधान**

उपराष्ट्रपति श्री जगदीप धनखड़ले भन्नुभयो , संविधानको विषय-वस्तु निर्धारित गर्नमा निर्वाचित प्रतिनिधि नै सुप्रीम हो।  दिल्ली विश्वविद्यालयमा एउटा कार्यक्रममा बोल्दै उपराष्ट्रपतिले संसद सर्वोच्च छ र संविधानमा संसद भन्दा माथी कसैको कल्पना नगरिएको विषयमा जोड दिनुभयो। उहाँले भन्नुभयो, संविधान मानिसका लागि हो र यो देशका प्रत्येक व्यक्ति जतिकै सर्वोच्च छ। उपराष्ट्रपतिले भन्नुभयो, भारतका मानिसले संविधानद्वारा आफ्नो प्रतिनिधीहरू चुनेका छन्, जसद्वारा आफ्नो अभिव्यक्ति, आफ्नु इच्छालाई दर्शाउन सक्छन् र चुनावमा यीनै प्रतिनिधीहरूलाई जवाबदेह ठहराउछन्। श्री धनखड़ले भन्नुभयो, संविधान मानिसका लागि हो  र यसको सुरक्षाको जिम्मा चुनिएका प्रतिनिधीहरूको हो।

**13 संशो पोप - कार्डिनल बैठक**

वेटिकनले आज Cardinals को बैठक पछि श्री पोप फ्रान्सीसको अन्तिम संस्कारको योजनाको घोषणा  गऱ्यो।  श्री पोप फ्रान्सिसको अन्तिम संस्कार **सेन्ट पिटर्स स्कवायर**-मा शनिवार गरिनेछ। श्री पोप फ्रांसिसको वेटिकनमा उहाँको आवासमा हिजो हृदयगति रोकीए पछि निधन भएको थियो।  उहाँ डबल निमोनियाको समस्याले ग्रस्त हुनुहुन्थ्यो , जसका कारण उहाँ पाँच सप्ताहदेखी अस्पतालमा भर्ती हुनुहुन्थ्यो। विश्वभरीबाट श्रद्धांजलि सन्देशमा उहाँलाई एक उदारवादी सुधारकका रूपमा याद  गरिदैछ।  सेन्ट पिटर्स बेसेलिका –मा हुने उहाँको अन्तिम संस्कारमा विश्वभरका राष्ट्राध्यक्ष  र राष्ट्र  प्रमुख पुग्ने पनि संभावना  छ।  अमरीकाका राष्ट्रपति श्री डोनल्ड ट्रम्पले उहाँको अन्तिम संस्कारमा शामेल हुने सबैभन्दा पहिलो घोषणा  गर्नुभएको छ।  श्री पोप फ्रान्सिस पहलो जेसुट पोप हुनुहुनथ्यो। उहाँ बाह्र वर्षको कार्यकालमा निर्धन र वन्चीतहरूलाई समर्थन दिनका लागि जानिनुहुनथ्यो।

**यूपीएससी-परिणाम**

संघ लोक सेवा आयोग, सिविल सेवा परीक्षा  दुई हजार चौबीसको अन्तिम परिणाम घोषित गरिएको छ । आयोगले नियुक्तिका लागि कुल एक हजार नौ उम्मीदवारको सिफारिश गरेको छ, जसमा सात सय पचिस पुरुष र  दुई सय चौरासी महिला छन् । श्री  शक्ति दुबेले सिविल सेवा परीक्षा, दुईहजार चौबीसमा पहिलो स्थान हासिल  गर्नुभएको छ । संघ लोक सेवा आयोग द्वारा सिविल सेवा परीक्षाको लिखित परीक्षा पछिलो साल सितम्बरमा आयोजित गरिएको थियो,  भने यो साल जनवरीदेखी अप्रेल बीचमा  साक्षात्कार भएको थियो ।

**समाचार आकाशवाणीबाट सुन्दैहुँदैछ।**

**गृहमन्त्री-पृथ्वी दिवस**

गृहमन्त्री श्री अमित शाहले विश्व पृथ्वी दिवसको अवसरमा मानिसलाई शुभकामना दिनुभयो । एउटा  सोशल मीडिया पोस्टमा उहाँले भन्नुभएको छ, पृथ्वीले , जीवनको पोषण  गर्दछ र विकास तथा उद्धवका लागि आवश्यक पारिस्थितिकी तन्त्रको सन्तुलन बनाइ राख्छ । श्री शाहले भन्नुभयो, पृथ्वीको बेहतरीलाई बढाउनु तथा अत्यधिक सावधानीले यसको रक्षा गरेर  यो सहानुभूति  प्रतिदान गराउनु, हाम्रो जिम्मेवारी हो। उहाँले भन्नुभयो, मोदी सरकारले  अटूट वचनबद्धताका साथ सतत विकासका लागि वैश्विक पहलको नेतृत्व  गरिरहेको छ। गृहमन्त्रीले पृथ्वीलाई अझ राम्रो बनाउनका लागि अथक परिश्रम गर्ने संरक्षणवादीहरूको प्रयासको पनि सराहना  गर्नुभयो ।

**निर्मला सीतारामन-अमरीका**

वित्त मन्त्री श्रीमती  निर्मला सीतारामनले भन्नुभयो , यो सितम्बर-अक्टूबर सम्म अमरीका संग व्यापार समझौताको पहिलो चरणमा सहमतिको संभावना  छ ।  उहाँले भन्नुभयो , भारतले यस सम्बन्धमा अमरीकी प्रशासनका साथ सक्रियताले बात  गरिरहेको छ । यस वर्षको शुरुमा अमरीकी राष्ट्रपति  श्री डोनाल्ड ट्रम्प र प्रधानमन्त्री  श्री नरेन्द्र मोदीले द्विपक्षीय व्यापार समझौता-**बी.टी.ए-**का लागि वार्ता शुरू  गर्नमा सहमति व्यक्त  गर्नुभएको थियो  । बी.टी.ए नयाँ लक्ष्य- मिशन  पाँच सयको  हिस्सा छ, जसको लक्ष्य  दुई हजार तिस सम्म दुबै देश बीच व्यापारलाई दुईगुना भन्दा अधिक बढ़ाएर पाँच सय  बिलियन अमरीकी डलर  गर्नु हो । श्रीमती सीतारामन पाँच दिनको अमरीका-को  यात्रामा हुनुहुन्छ । उहाँले वित्त  मन्त्री **श्री  स्कट बेसेन्टसंग** पनि  भेटघाट गर्नुहुनेछ। ।  अमरीकाको व्यापार प्रतिनिधि कार्यालयका अधिकारीहरू संग पनि उहाँको बातचीत हुने सम्भावना छ।

**46 मुम्बई-किरेन रिजिजू**

**केन्द्रीय अल्पसंख्यक मामिला मन्त्री श्री  किरेन रिजिजूले** भन्नुभयो, वक्फ संशोधन अधिनियमको उद्देश्य गरीब मुसलमानलाई लाभ पुर्याउनु र सम्पत्तिको दुरुपयोग रोक्नु हो । वक्फ सुधार एवं जन जागरूकता अभियान अन्तर्गत मुम्बईमा आज आयोजित एउटा  संवाददाता सम्मेलनमा श्री रिजिजूले भन्नुभयो , भारत जस्तो ठूलो देशमा जमीनको एक-एक इन्चको उचित उपयोग हुनुपर्छ।

**17 अस्ट्रेलिया-मतदान**

अस्ट्रेलियामा आम चुनावका लागि प्रारम्भीक मतदान आज शुरू  भएको छ। देशको एक सय अठाह्र लाख मतदाताहरूमा लगभग आधी मतदाताले तीन मेईमा चुनाव भन्दा पहिला मतपत्रबाट भोट हल्नेछन् । यस बीच, चुनाव अभियानले अन्तिम चरणमा प्रवेश गरिसकेको छ। अस्ट्रेलियामा मानिसले मतदान गर्नु अनिवार्य  छ।  सर्वेक्षण अनुसार प्रधानमन्त्री **श्री  एन्थनी अल्बानीज़**को लेबर पार्टी जीत तर्फ अग्रसर छ।

**35 एएसआई बैठक**

भारतीय पुरातत्व सर्वेक्षणले भोली नयाँ दिल्लीको भारत मण्डपममा केन्द्रीय पुरातत्व सलाहकार बोर्डको अठ्तीसौं बैठकको मेजबानी गर्नेछ । बैठकमा पछिलो बैठकको प्रस्ताव र सुझावमा गरिएको कार्रवाईमा चर्चा गरिनेछ । बोर्डको गठन उन्नाइस सय पैतालीसमा पुरातात्विक अनुसन्धानको सन्चालनका लागि भारतीय विश्वविद्यालय, शैक्षणिक संस्थान र राज्य सरकारका साथ भारतीय पुरातत्व सर्वेक्षणका बीच मजबूत सम्बन्धलाई बढ़ावा दिने उद्देश्यले गरिएको थियो।

**मध्य प्रदेश – दुर्घटना**

मध्य प्रदेशको दमोह जिल्लामा आज एउटा सडक दुर्घटनामा एकै परिवारका आठ जनाको मृत्यु भयो, जसमा तीन जना नानीहरू र पाँच जना महिला थिए । यस घटनामा पाँचजना गम्भीर रूपले घाइते भएजसलाई दमोहको जिला अस्पतालमा भर्ना गरिएको छ।

**आईपीएल टी20**

आई.पी.एल टी20 क्रिकेटमा साँझ लखनऊ **सुपर जायन्ट्सको** मुकाबला **डेल्ही केपिटल्स** संग भारत रत्न **श्री अटल बिहारी वाजपेयी एकाना** क्रिकेट स्टेडियम लखनऊमा हुँदैछ। म्याच साँझ साढ़े सात बजी शुरू भयो । दिल्ली अझै पनि अंक तालिकामा दोस्रो स्थानमा छ, जबकि लखनऊ पाँचौ स्थानमा छ।

मुख्य समाचार फेरी एक पल्ट

- प्रधानमन्त्री श्री नरेन्द्र मोदी सऊदी अरबको दुई दिवसीय आधिकारिक यात्रामा हुनुहुन्छ
- संविधानको विषय-वस्तु निर्धारित गर्नमा निर्वाचित प्रतिनिधि नै सुप्रीम रहेको उपराष्ट्रपतिको भनाई
- श्री पोप फ्रान्सिसको अन्तिम संस्कार **सेन्ट पिटर्स स्कवायर**-मा शनिवार गरिने
- संघ लोक सेवा आयोग, सिविल सेवा परीक्षा दुई हजार चौबीसको अन्तिम परिणाम घोषित , अनि
- आई.पी.एल टी20 क्रिकेटमा लखनऊ **सुपर जायन्ट्सको** मुकाबला **डेल्ही केपिटल्स** संग हुँदैछ।